आज मिति २०८२ साल असोज महिनाको २९ गतेका दिन बिहानको ११:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८२/८३ को चौथो बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
| --- | --- | --- |
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | युवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | बुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर वि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | विकास के.सी | नि. प्रमुख प्रशासकीय अधिकृत |
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | दामोदर उपाध्या | का.स. |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**
**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/६/५ गते बसेको आ.व. २०८२/८३ को तेस्रो बैठकबाट सामुदायिक विद्यालयहरुको चालु अनुदान (शिक्षाक्षेत्रको ) रकम बाँडफाँट गरिएकोमा प्रथम त्रैमासिकसम्मको तलब, भत्ता निकासा गरिएको, नागरिक आरोग्य केन्द्रको वजेट तथा कर्मचारी व्यवस्थापन सम्वन्धी निर्णय अनुसार कर्मचारीसँग करार सम्झौता गरी व्यवस्थापन गरिएको, बाग्दुला मच्छी सडक स्तरउन्नती (बतासेडाँडा-मच्छी खण्ड) को रकम भुक्तानी गर्ने निर्णय अनुसार रकम भुक्तानी भएको, कर्मचारी पदपूर्ति सम्वन्धी निर्णय अनुसार रिक्त पदहरुको लागि प्रदेश लोक सेवामा माग आकृति पेस गरिएको, बाग्दुला मच्छी सडक स्तरउन्नती (बतासेडाँडा-मच्छी खण्ड) को निर्माण कार्य गर्दा क्षति भएको सिंचाई कुलो मर्मतको लागि लागत अनुमान तयार गर्ने निर्णय अनुसार लागत अनुमान तयार गर्ने कार्य प्रक्रियामा रहेका, गाउँपालिकाको सवारी साधन मर्मत गर्दा भएको खर्च रकम भुक्तानी दिने निर्णय अनुसार रकम भुक्तानीको प्रक्रियामा रहेको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं. २ प्रारम्भिक वातावरणिय परीक्षणको लागि कार्यसूची स्वीकृत सम्वन्धमा ।**
**निर्णय नं. २**

प्रस्ताव नं २ माथि व्यापक छलफल गर्दा झिमरुक गाउँपालिका क्षेत्रभित्र पर्ने झिमरुक नदी र गर्तङ्गखोलाबाट ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् तथा संकलनको कार्य लागि आवश्यक पर्ने प्रारम्भिक वातावरणिय परीक्षण (IEE) गर्न मिति २०८२/५/४ गतेको सूचना अनुसार छनोटमा परेको परामर्शदाता शब्द ईन्जिनियर्स ग्रुप प्रा.लि. बबरमहल, काठमाडौले पेस गरेको प्रारम्भिक वातावरणिय परीक्षणको कार्य सूची (TOR) को प्रतिवेदन माथि छलफल गरी सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं ३ बतासेडाँडा - ज्यामुरखोला सडकको भुक्तानी, पुन:सर्भे तथा ठेक्का लगाउने सम्वन्धमा ।**
**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि व्यापक छलफल गर्दा बाग्दुला मच्छी सडक स्तरउन्नती (बतासेडाँडा-मच्छी खण्ड), ठेक्का नं JRM/NCB/WORKS/०३/२०८१/०८२ को निर्माण कार्यको मिति २०८२/५/१४ गतेसम्मको लागि म्यादथप भएता पनि समयमा नै कार्य सम्पन्न हुन नसकी कार्यालयबाट सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२७ वमोजिम पूर्व निर्धारित क्षेतिपूर्ती तोकी काम भैरहेकोमा निर्माण कम्पनीबाट मिति २०८२/६/१२ गते कार्य स्वीकार गरी अन्तिम विल भुक्तानी पाउँ भनी निवेदन पेस गरे वमोजिम पूर्वाधार विकास तथा भवन नियमन शाखाबाट ९२.९१ प्रतिशत भौतिक प्रगति भएको ठेक्का सम्बन्धी विल पेस भएको र उक्त योजनाको भुक्तानीको लागि आ.व. २०८२/८३ मा बजेट विनियोजन नभएकोले प्राविधिक मूल्याङ्कन अनुसार उक्त योजनाको सार्वजनिक खरिद २०६४ को दफा ११७ वमोजिम कार्य स्वीकार गरी मिति २०८२/६/१२ गतेसम्म भएको कामको प्राविधिक मूल्याङ्कन वमोजिम भुक्तानी दिनु पर्ने रकम रु ३६,९६,६३५।०२ (अक्षेरेपि छत्तिस लाख छयानब्बे हजार छ सय पैतिस रुपैंया पैसा दुई) मध्ये गत आ.व.को नगद मौज्दात रकमबाट आगामि हुने गाउँसभाले सोधभर्ना र अनुमोदन गर्ने गरी हाललाई आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम बाग्दुला- बतासेडाँडा- मच्छी-लामासेरा झिमरुक गा.पा. पहुँचमार्ग अन्तर्गत (बतासेडाँडाँ-मच्छी खण्ड कालोपत्रे) खर्च शीर्षक नं.(३११५१) बाट रु २५,००,०००। अक्षरेपि (पच्चिस लाख रुपैंया) भुक्तानीको लागि स्रोतको सुनिश्चित गर्ने सर्वसम्मत निर्णय गरियो । साथै चालु आ.व. २०८२/८३ को संघीय समपुरकतर्फको बहुवर्षिय योजनाको रुपमा बाग्दुला- बतासेडाँडा- लामासेरा झिमरुक गा.पा. पहुँचमार्ग अन्तर्गत (बतासेडाँडाँ-मच्छी खण्ड कालोपत्रे) मा विनियोजन भएको कूल रकमको ३० प्रतिशतले हुन आउने रकम रु २,१०,०००००। अक्षेरेपि दुई करोड दशलाख रुकम गाउँपालिकाबाट स्रोतको सुनिश्चित गरी पुन:डिटेल सर्भे गरी यथासिघ्र ठेक्काको प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ४ वडा नं. ८ को वडा केन्द्र व्यवस्थापन सम्वन्धमा ।**
**निर्णय नं.४**
प्रस्ताव नं. ४ माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ८ को वडा कार्यालयको भवन निर्माण गर्न हालसम्म जग्गाको व्यवस्थापन हुन नसकेको हुँदा जग्गा व्यवस्थापनको लागि सम्बन्धित वडा समितिले पहल गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ शिक्षा तर्फको डिजिटल वोर्ड खरिदको ठेक्का सम्वन्धमा ।**
**निर्णय नं. ५**
प्रस्ताव नं ५ माथि छलफल गर्दा आ.व. २०८२/८३ मा संघीय सरकारबाट विशेष अनुदानको रुपमा सामुदायिक विद्यालयहरुमा आई.सि.टि सिकाइ पूर्वाधार निर्माणका लागि स्मार्ट बोर्ड र ल्यापटप व्यवस्थापन शीर्षकमा विनियोजन भई प्राप्त भएको रु १ करोड १२ लाखमा रु ३० प्रतिशत हुन आउने रकम रु ३३,६०,०००। वरावरको गाउँपालिकाबाट स्रोतको सुनिश्चित गरी यथासिघ्र रु १,४५,६०,०००। ठेक्का प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।
**प्रस्ताव नं. ६ विविध सम्बन्धमा ।**
**विविध(क)**
**विविध (क) एम्बुलेन्स व्यवस्थापन सम्वन्धमा ।**
**निर्णय नं. ५ (क)**
प्रस्ताव नं ५ विविध (क) माथि छलफल गर्दा झिमरुक गाउँपालिका अन्तर्गत ओखरकोट स्वास्थ्य चौकीको लागि काठमाडौं महानगरपालिकाबाट उपलब्ध भएको एम्बुलेन्सलाई व्यवस्थापन गरी सञ्चालनमा ल्याउन झिमरुक गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को परिच्छेद २ दफा ३ को उपदफा २ मा व्यवस्था भए वमोजिम एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन भए नभएको विषयमा सुपरिवेक्षण र अनुगमन गर्न एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिमा तपसिल बमोजिमका पदाधिकारीहरु रहने गरी पूर्णता दिने सर्बसम्मत निर्याय गरियो ।
**तपसिल**
गाउँपालिका उपाध्यक्ष -संयोजक
पार्बतां वि.क. गाउँ कार्यपालिका सदस्य -सदस्य
चोप बहादुर वि.क गाउँ कार्यपालिका सदस्य -सदस्य
कल्पना थापा एम.सी. गाउँ कार्यपालिका सदस्य -सदस्य
संगिता परियार गाउँ कार्यपालिका सदस्य -सदस्य
प्रमुख प्रशासकीय अधिकृत -सदस्य
स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव
साथै एम्बुलेन्स चालकको नियुक्ति र सेवा सुविधा कार्यविधिको परिच्छेद -३ दफा ५ र ६ वमोजिमको प्रक्रिया अवलम्बन गरी चालकको व्यवस्थापन गरे पश्चात प्राप्त एम्बुलेन्स ओखरकोट स्वास्थ्य चौकीलाई हस्तान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो ।
**विविध (ख) आर्थिक सहायता सम्वन्धमा ।**
**निर्णय नं. ६ ( ख )**
**प्रस्ताव नं. ६** विविध (ख) माथि छलफल गर्दा फूलवारी द्वादशी मेला तथा साँस्कृतिक कार्यक्रम सञ्चालनको लागि झिमरुक ६,चिसावाङ्गबाट आर्थिक सहायता माग भई आएको हुँदा उक्त संस्थालाई परम्परागत रुपमा चली आएको द्वादशी मेला तथा साँस्कृतिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नको लागि आर्थिक सहायता शीर्षकबाट रु २१,०००। अक्षरेपि (एक्काईस हजार) मात्र आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत रुपमा पारित गरियो ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**विविध (ग) ब्याक हु लोडर मर्मतका सम्बन्धमा ।**
**निर्णय नं. ६ (ग)**

प्रस्ताव नं. ६ **विविध (ग)** माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको बा.प्र-०१-००१ ग ४३०० नं.को ब्याक हु लोडर ३५०० घण्टा सञ्चालन भएको हुँदा सर्भिसिङ्ग, ४ बटा टायर जिर्ण भई फेर्नु पर्ने अवस्था भएकोले यथासिघ्र खरिद तथा मर्मत गरी प्रयोगमा ल्याउने सर्वसम्मत निर्णय गरियो ।

**विविध (घ) गाउँ शिक्षा समितिको सिफारिस सम्बन्धमा ।**
**निर्णय नं. ६ (घ)**

प्रस्ताव नं. ६ विविध (घ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको शिक्षक, कर्मचारी दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८०, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत गरेको शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि,२०७६ तथा गाउँ शिक्षा समितिले विभिन्न मितिमा गरेको निर्णय, दरवन्दी मिलान कार्यदलहरुको निर्णय र सम्वन्धित निकायहरुले विभिन्न मितिमा गरेका परिपत्र समेतलाई अध्ययन गरी कक्षा घटुवाको लागि प्रस्ताव तथा दरवन्दी कटौतीको लागि प्रस्ताव गरिएको विषयमा छलफल गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ समेतको उपस्थितिमा छलफल भई आएका सुझावहरु र शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापनको विषयमा शिक्षक, कर्मचारी दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८० को मापदण्ड भित्र रही निर्णय गर्ने गरी अन्य विद्यालयहरुलाई यस शैक्षिक शत्रको लागि यथावत कायम राखी तपसिल वमोजिमका विद्यालयबाट कक्षा घटुवा नगरी यथावत कायम राखी शिक्षक दरवन्दी घटाई देहाय वमोजिमका विद्यालयहरुमा गाउँ शिक्षा समितिले तोकेको मापदण्ड भित्र रही सकभर सबैलाई पायक पर्ने ठाउँमा मिलान गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स | शिक्षक दरवन्दी घटाउनु पर्ने विद्यालयको नाम र ठेगाना | शिक्षक दरवन्दी घटाउनु पर्ने संख्या | शिक्षक दरवन्दी थप/मिलान गर्नुपर्ने विद्यालयको नाम र ठेगाना | दरवन्दी संख्या |
|---|---|---|---|---|
| १. | श्री बालकल्याण प्रा.वि. झिमरुक-१, पोखरीडाँडा | १ | श्री सर्वोदय मा.वि. झिमरुक-२ | १ |
| २. | श्री दिपेन्द्र प्रा.वि. झिमरुक-१, डाँडाखर्क | १ | श्री प्रभात मा.वि. झिमरुक-३ | १ |
| ३. | श्री भुवनेश्वरी प्रा.वि. झिमरुक-६, नेटा | ३ | श्री ने.रा. मा.वि. हिरापोखरी झिमरुक-५ | १ |
| ४. | श्री शिद्धेश्वरी प्रा.वि. झिमरुक-६, लेख | १ | श्री सीता मा.वि. झिमरुक-७ | १ |
| ५. | श्री बाल कल्याण प्रा.वि झिमरुक-७ हिड्डाडा . | १ | श्री जनता मा.वि. झिमरुक-८ | १ |
| | | | श्री बालज्योति ने.रा आ.वि. झिमरुक-३ | १ |
| | | | श्री ज्ञानज्योति आ.वि. झिमरुक-८ | १ |
| जम्मा शिक्षक दरवन्दी झिक्नु पर्ने संख्या-७ | | | जम्मा शिक्षक दरवन्दी थप हुने संख्या -७ | |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

विविध (ङ) योजना संशोधन तथा रकमान्तर सम्वन्धमा ।
निर्णय नं. ६ (ङ)
प्रस्ताव नं ६ (ङ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८२/८३ मा सञ्चालन गर्ने गरी विनियोजन गरिएको तपसिल वमोजिमको योजना विविध कारणले सञ्चालन गर्न नसकिने भएको हुँदा योजना संशोधन गरी देहाय वमोजिमको योजनामा रकम रकमान्तर गरी मर्मतको कार्य प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स | साविकका योजनाको नाम | ठेगाना | रकम | क्र.स | हाल रकमान्तर गरिएको योजनाको नाम | रकम |
|---|---|---|---|---|---|---|
| १. | कमेरपानी आ.वि. घेरावार निर्माण | झिमरुक-२ | १,००,०००। | १. | कमेरपानी आ.वि. भवन मर्मत झिमरुक-२ | १,००,०००। |

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत